मितिः २०७९।११।२३ गते, समयः ११ वजे दिनको, बैठक संख्याः २१

**कार्यपालिकाको वैठकका निर्णयहरु**

**प्रस्ताव नं. १.**अघिलो बैठकका निर्णयहरुको समिक्षा।

**निर्णयः**अघिलो कार्यपालिका बैठकको निर्णयहरु समिक्षा भयो कार्यान्वियन हुन बाँकी निर्णयहरु तत्काल कार्यान्वन गर्ने।

**प्रस्ताव नं.** २. फोहरमैला व्यवस्थापनका लागि जग्गा खरिद गर्ने।

**निर्णयः** यस नगरपालिकाको फोहरमैला व्यवस्थापन अस्थायी रुपमा हुंदा वातावरणमा असर पर्न गई नागरिकहरुबाट पटक पटक गुनासो आइरहेको। निशुल्क जग्गा प्राप्तिकालागि पटक पटक सार्वजनिक सूचना गरिएकोमा जग्गा प्राप्त हुन नसकेको। नगर सभा र नगर कार्यपालिकाबाट जग्गा खरिद गर्ने निर्णय भएकाले यस नगरपालिकाको वडा नं. ६ स्थित श्री गुनाकर भाटको कित्ता नं. २ख १५१ क्षेत्रफल १४ रोपनी ५ आना १ पैसाको जग्गा खरिद गर्नका लागि सहमति माग गर्न श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय काठमाण्डौंमा अनुरोध गर्ने।

**प्रस्ताव नं.** ३. पोषणमैत्री वडा घोषणा कार्यक्रम।

**निर्णयः** यस नगरपालिकाको निर्णय अनुसार वडा नं. १० लाई मिति २०७९।१२।३ गते पोषणमैत्री वडा घोषणा कार्यक्रम रहेकाले कार्यपालिका तथा संपुर्ण कर्मचारीहरुले आवस्यक सहयोग गर्ने।

**प्रस्ताव नं.** ४. कार्यविधि स्विकृत।

**निर्णयः** विधान समितिबाट पेश भएका देहाय बमोजिमका कार्यविधिहरु स्विकृत गर्ने।

क. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७९
ख. अमरगढी नगरपालिकाको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि, २०७९

**प्रस्ताव नं.** ५. दोश्रो चौमासिक समिक्षा गोष्ठी।

**निर्णयः** चालु आ.व. २०७९।०८० को दोश्रो चौमासिकको प्रगति समिक्षा गोष्ठि २०७९।१२।५ गते ११ बजे गर्ने।

**प्रस्ताव नं.** ६. योजना सम्झौता।

**निर्णयः** नेपाल सरकार र प्रदेश सरकार तथा अन्य निकायबाट थप हुने बजेट तथा कार्यक्रम बाहेक नगर सभाबाट स्विकृत चालु आ.व. २०७९।०८० को योजना तथा कार्यक्रमहरु २०७९ चैत्र मसान्त भित्र सम्झौता गरि सक्ने।

**प्रस्ताव नं.** ७. विविध।

क. मिनि वस हस्तान्तरण।

**निर्णयः** यस कार्यालयमा खरिद भएको मिनि बस नगरपालिकामा नगरबस संचालन गर्ने प्रयोजन रहि संचालनकोलागि वोलपत्र आह्वान भएकोमा उक्त नगरवस संचालनकालागि रुट परमिट लिन कानूनी जटिलता रहि यातायात व्यवस्था कार्यालयबाट रुट परमिट प्राप्त हुन नसकेको। गत आ.व.मा श्री महेन्द्र माध्यामिक विधालयलाई बस खरिद गरि हस्तान्तरण गर्ने कार्यक्रम रहेकोमा उक्त बस समयमै खरिद हुन नसकि बजेट फ्रिज भएको हुंदा यस कार्यालयमा रहेको मिनि बस श्री महेन्द्र माध्यामिक विधालय, खलंगा डडेलधुरालाई हस्तान्तरण गर्ने।

२०७९।११।२३

CamScanner